मिति २०७५ पुष ३ गतेके नगर कार्यपालिका बैठकको निर्णय प्रति (बैठक नं.४२)

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्मचारी समायोजन शाखाको प.सं.०७५।७६ च.नं २२ मिति २०७५।०८।२४ को प्राप्त पत्र आजको बैठकमा पेश भई छलफल भयो । कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ६(४) अनुसार साविक स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई सम्बन्धीत स्थानीय तहले समायोजन भएको पत्र दिनुपर्ने व्यवस्था बमोजिम नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७५।१२।१४ को निर्णय अनुसार स्वीकृत स्थानीय तहको अन्तरीम संगठन संरचना र दरबन्दी अनुसार स्वीकृत स्थानीय तहको संगठन संरचना र दरबन्दी अनुसार तपसिल बमोजिमका कर्मचारीहरुलाई तपसिल बमोजिमको पद, सेवा समुह/उपसमुह र तहमा समायोजन गरी समायोजन भएको पत्र दिने निर्णय गरियो ।

## तपसिल

| क्र. सं. | स्थानीय तहमा कार्यरत | | | | | | समायोजन हुने | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नामथर | नियुक्ति मिति | पद | सेवा | समुह /उप समुह | तह /श्रेणी | पद | सेवा | समुह/ उपसमुह | श्रेणी/तह |
| १ | श्री दिपेन्द्र पण्डित | २०७२।८।२१ | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर पाचौं | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर पाचौं |
| २ | श्री दीपेन्द्र पौडेल | २०७३।०६।०२ | आ.ले.प. | प्रशासन | सा.प्र | सहायक स्तर पाँचौं | आ.ले.प. | प्रशासन | सा.प्र. | सहायक स्तर पाँचौं |
| ३ | श्री नारायण जोशी | २०७२।८।२० | सव इञ्जिनियर | प्राविधिक | | सहायक स्तर पाँचौ | सव इञ्जिनियर | प्राविधिक | प्राविधिक | सहायक स्तर पाँचौ |
| ४ | श्री प्रमिला श्रेष्ठ | २०६५।०४।०१ | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर चौथो | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर चौथो |
| ५ | श्री शत्रुधन प्रसाद शाह | २०७२।०८।२० | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर चौथो | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर चौथो |
| ६ | श्री सिताराम प्रसाद शाह | २०७२।०८।२० | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर चौथो | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर चौथो |
| ७ | श्री युवराज सुवेदी | २०७२।०९।२८ | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर चौथो | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर चौथो |
| ८ | श्री पित कुमारी पौडेल | २०७२।१२।९ | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर चौथो | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर चौथो |
| ९ | श्री | २०७३।०४।११ | कार्यालय | प्रशासन | सा.प्र | सहायक | कार्यालय | प्रशासन | सा.प्र. | सहायक |

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | योगेश्वर चौधरी | | सहायक | | | स्तर चौथो | सहायक | | | स्तर चौथो |
| १० | श्री हरी प्रसाद कुमाल | २०७४।०६।२३ | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर चौथो | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर चौथो |
| ११ | श्री भागवत कुमार पण्डित | २०७४।०६।२३ | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर चौथो | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर चौथो |
| १२ | श्री दिल बहादुर तामाङ | २०७४।०६।२३ | कार्यालय सहायक | प्रशासन | सा.प्र | सहायक स्तर चौथो | कार्यालय सहायक | प्रशासन | सा.प्र. | सहायक स्तर चौथो |
| १३ | श्री कमल गिरी | २०६५।०४।०१ | कार्यालय सहयोगी | प्रशासन | सा.प्र | | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | कार्यालय सहयोगी |
| १४ | श्री किनुमाया भुजेल | २०६४।०९।२२ | कार्यालय सहयोगी | प्रशासन | सा.प्र | | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | कार्यालय सहयोगी |

**निर्णय नं. २**

यस नगरपालिकाको नगर प्रोफाईल तयारी गर्ने शिलशिलामा घरधुरी सर्वेक्षण कार्यका लागि वडाबाट सिफारिस भई आएका गणकहरु र यस कार्यालय बीच गणकहरुलाई तोकिएको जिम्मेवारी ढिलोमा २०७५ कार्तिक मसान्त सम्म सम्पन्न गर्ने गरी मिति २०७५/०६/२५ गते सम्झौता भएकोमा सो अवधिमा दशैं, तिहार लगायतका चाडपर्वहरु परेको तथा गाउँघरमा वाली थन्क्याउने चटारोले घरधुरी सर्वेक्षण कार्यमा ढिला हुन गई तोकिएको समयमा सम्पन्न गर्न नसकिएको भन्ने कुरा विभिन्न वडाहरुबाट जानकारीमा आएकोले उल्लेखित सम्झौताको म्याद २०७५ पौष मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

सुन्दरबजार नगरपालिका कृषि बिकास शाखाको आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रमको सि.नं. ५ को "५०% अनुदानमा आलु बिउ" वितरण गर्ने कार्यक्रम संचालन गर्दा विभिन्न कारणले प्रतिवडा रु ६,६००।—(रुपैया छ हजार छ सय मात्र) का दरले कुल रु. ७२,६००।—(रुपैया बहत्तर हजार छ सय मात्र) बढी खर्च हुन गएकोमा सो बराबरको रकम कृषि विकास शाखाको आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम सि.नं. १२ को च्याउको हाउस निर्माण तथा च्याउ उत्पादनमा विनियोजित रकम रु १,१०,०००।—(रुपैया एक लाख दश हजार मात्र) बाट रकमान्तर गरी उपलब्ध गराईदिन र बाँकी रहेको रकम रु. ३७,४००।—(रुपैया सैतिस हजार चार सय मात्र) ले च्याउको स्पन्/विउ बितरण गर्ने गरी व्यवस्था मिलाईदिन यस नगरपालिकाको कृषि तर्फका विषय क्षेत्र प्रमुख श्री सूर्य बहादुर दुराबाट राखिएको विषय आजको बैठकमा छलफल भयो। सो सम्बन्धमा सि.नं. १२ को च्याउको हाउस निर्माण तथा च्याउ उत्पादन अन्तर्गतका केही कार्यक्रमहरु युवा लक्षित कार्यक्रम मार्फत् संचालन हुने भएकोले उल्लेखित बमोजिम रकमान्तर गर्दा बाँकी रहेको रकम रु. ३७,४००।—(रुपैया सैतिस हजार चार सय मात्र) बाट च्याउको स्पन्/विउ बितरण गर्ने कार्यक्रम संचालन गर्न सकिने भनी कृषि शाखा प्रमुखबाट बैठकमा प्रस्तुत भए अनुसार

उल्लेखित बढी खर्च हुन गएको रकम कृषि विकास शाखाको आ.व. २०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम सि.नं. १२ को च्याउको हाउस निर्माण तथा च्याउ उत्पादनमा विनियोजित रकम रु १,१०,०००।—(रुपैया एक लाख दश हजार मात्र) बाट रकमान्तर गरी उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ४

यस नगरकार्यपालिकाको कार्यालय अर्न्तगत विभिन्न कार्यकम र शाखाहरुमा करार र अस्थायी रुपमा कामकाज गर्दै आएका निम्न अनुसारका पद र संख्याका कर्मचारीहरुलाई २०७५ मंसिर १ गतेदेखि २०७५ फागुन मसान्त सम्मको लागि करार सेवाको म्याद नवीकरण गर्ने र सि नं २४ को हकमा जिल्ला समन्वय समिति लमजुड०गवाट लेखि आए वमोजिम हुने निर्णय गरियो ।

निम्न

| सि.नं. | कार्यक्रम/शाखा | पद | संख्या | खर्च व्ययभार हुने स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राविधिक शाखा | ईञ्जिनियर | २ | न.पा. | |
| २ | | सव ईञ्जिनियर | २ | न.पा. | |
| ३ | | अमिन | १ | न.पा. | |
| ४ | सुचना प्रविधि | सु.प्र.अ. | १ | २५ प्रतिशत न.पा./ने.स. अनुदान | |
| ५ | सवारी व्यवस्थापन | हेभी सवारी चालक | १ | न.पा. | |
| ६ | | टिप्पर चालक | १ | न.पा. | |
| ७ | | वोलेरो जिप चालक | १ | न.पा. | |
| ८ | सामाजीक परिचालन | सामाजिक परिचालक | ९ | न.पा. | वडा नं. ५ मा कार्यरत सा.प. ले मंसिर १६ मा राजीनामा पेश गरेको हुँदा सोही बमोजिम |
| ९ | नगरपालिका कार्यालय | का.स. | ३ | न.पा. | |
| १० | वडा कार्यालय (वडा नं. १, २, ३, ५, ९, १० र ११) | का.स. | ७ | न.पा. | |
| ११ | कृषि विकाश शाखा | ना.प्रा.सा. | २ | ने.स.अनुदान | |
| १२ | पशु विकाश शाखा | ना.प्र.स्वा.प्रा. | २ | ने.स. अनुदान | |
| १३ | स्वास्थ्य शाखा | का.स. | ५ | ने.स.अनुदान /न.पा. | |
| १४ | आयुर्वेद शाखा | का.स. | २ | ने.स.अनुदान | |
| १५ | शहरी स्वास्थ्य केन्द्र भोटेओडार | अ.हे.व. | १ | ने.स.अनुदान | |
| १६ | | अनमी | १ | ने.स.अनुदान | |
| १७ | | का.स. | १ | ने.स.अनुदान | |
| १८ | शहरी स्वस्थ्य केन्द्र खत्रीठाँटी | अ.हे.व. | १ | ने.स.अनुदान | |
| १९ | | अनमी | १ | ने.स.अनुदान | |
| २० | | का.स. | १ | ने.स.अनुदान | |
| २१ | बर्थिङ सेन्टर सुन्दरबजार | अ.न.मी | १ | ने.स.अनुदान | |
| २२ | बर्थिङ सेन्टर कुन्छा | अ.न.मी | १ | ने.स.अनुदान | |
| २३ | बर्थिङ सेन्टर चन्द्रेश्वर | अ.न.मी. | १ | ने.स.अनुदान | |
| २४ | न.पा . कार्यालय | सा.प ( नासु) | १ | जि स स | जिसस वाट पत्र प्राप्त भए वमोजिम हुने गरी । |
| २५ | महिला विकास (महिला जागृति) | सा.पा. | ५ | ने.स.अनुदान | सं.मा.त.सा.प्र.म.को च.नं.१४ मिति २०७५।०४।२७ गतेको पत्रानुसार |
| २६ | गरिव संग विशेश्वर कार्यक्रम | सा.पा. | १ | ने.स.अनुदान | कृ.भू.व्य.स.म. को च.नं.०३ मिति २०७५।०४।३ गतेको पत्रानुसार |

| २७ | प्रमुख उप प्रमुख आवास | का.स. | २ | न.पा. | |
|---|---|---|---|---|---|

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५

सुन्दरबजार नगरपालिका वडा नं. ८ स्थित भोटेवडार एकिकृत स्वास्थ्य सेवा केन्द्रमा चिकित्सकको अभाव भई सेवा संचालनमा असहजता देखिएकोले अर्को व्यवस्था नहुँदा सम्मको लागि सुन्दरबजार अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये अस्पताल प्रमुखले तोकेको चिकित्सकलाई काजमा खटाउने र सो को जानकारी श्री स्वास्थ्य सेवा विभाग लाई उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ६

सडक बोर्ड नेपालबाट यस आ.व. मा स्थानीय सडक मर्मत संभार कार्यको लागि यस नगरपालिकाका लागि रु३०,००,०००(रुपैया तीस लाख) विनियोजन भएकोमा यस नगरपालिका अन्तर्गतका सडकहरु सडक बोर्ड नेपालबाट प्राप्त सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन तथा सडक मर्मत संभार कार्य छनौटको प्राथमिकता अनुसार छनौट गर्नुपर्ने भएकोले निम्न बमोजिम योजनाको लागि निम्न लागत बेहोर्ने गरी म्याचिङ फण्ड समेत समावेश गरी मिति २०७५/०७/२९ गते यस नगरपालिकाका प्रमुख श्री जनक राज मिश्र ज्यूबाट सदर गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निम्न

| योजनाको नामः सुत्केरीले गाडेको ढुंगा देखि शान्ति मावि कुन्छा सम्मको चेलीवेटी मार्ग | |
|---|---|
| लागत बेहोर्ने निकाय | लागत |
| सडक बोर्डबाट विनियोजित बजेट | ३० लाख |
| सुन्दरबजार नगरपालिकाका तर्फबाट | १० लाख |
| उपभोक्ता समितिबाट जनसहभागिता | २८८८६७।७६ |
| कुल लागत ईष्टिमेट | ४२८८८६७६।७६ |

निर्णय नं. ७

घरेलु तथा साना उद्योग विकास समिति, उद्योग विकास शाखा, लमजुङबाट यस आ.व. मा यस नगरपालिका भित्र संचालन गर्न लागिएका कार्यक्रमहरुको विषयमा आजको बैठकमा उद्योग विकास शाखा, लमजुङका तर्फ प्रस्तुती भई छलफल भयो। सो सम्बन्धमा उक्त कार्यालयबाट उद्यमशिलता विकास, उद्यमी सिर्जना तथा रोजगार, युवा उद्यमशिलता एवं भगत सर्वजित लगायतका कार्यक्रमहरु संचालनार्थ माग भई आएको अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ८

यस नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत रहेका सामाजिक परिचालकहरुको तलबका सम्बन्धमा निजहरुले साविकमा खाईपाई आएको मासिक रु १२,०००(रुपैया बाह्र हजार) मा रु.१०००।—( रुपैया एक हजार मात्र) थप गरी मासिक रु.१३,०००।—( रुपैया तेह्र हजार मात्र) का दरले २०७५ मंसिर १ गते देखि लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो।